लेखापरीक्षण प्रतिवेदन

त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/261

श्रीमान् अध्यक्षज्यू,

त्रिपुरासुन्दरी गाँउपालिका,

गाँउकार्यपालिकाको कार्यालय, धादिङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/261

श्रीमान् अध्यक्षज्यू,
त्रिपुरासुन्दरी गाउँपालिका.

गाँउकार्यपालिकाको कार्यालय, धादिङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस त्रिपुरा सुन्दरी गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२.गाँउपालिकाको आय र व्ययतर्फ रू.१ अर्व ३५ करोड ४९ लाख ६८ हजारको लेखापरीक्षणबाट रू.१ करोड ९३ लाख ५५ हजार बेरुजु देखिएकोमा रु. ९० लाख ६४ हजारको प्रतिक्रियाबाट सम्परीक्षण तथा रु. १६ लाख ४७ हजार थप भई असुल गर्नुपर्ने रू.५ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख १८ हजार र नियमित गर्नुपर्ने रु. ६६ लाख ८६ हजार समेत रू.१ करोड ३८ लाख १९ हजार बाँकी रहेको छ। गत वर्षसम्मको कायम बेरुजु रु.३३ करोड ३७ लाख ६८ हजार बेरुजु बाँकी रहेकोमा यो बर्ष लेखापरीक्षणबाट रू.१ करोड १९ लाख ३८ हजार थपभई हालसम्म अद्यावधिक बेरुजु रु.३४ करोड ५७ लाख ६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्रिपुरा सुन्दरी गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको

पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालीका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४९	८६	१,९३,५४,७९५	०	५७	९०,६३,५५५	१६,४६,८४०	४९	२९	१,१९,३८,०८०	५,३४,१२०	६६,८५,७८७	४७,१८,१७२	०	०	१,१४,०३,९५९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण भएको रकम	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धादिङ	३३,३७,६७,५२४		०	३३,३७,६७,५२४		१,१९,३८,०८०	३४,५७,०५,६०४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२८	स्थानीय भत्ता	२५,७३,१२३
२	२०८१/८२	२२.२	सामाजिक सुरक्षा तर्फ	१८,८६,४४७
३	२०८१/८२	२३	शसर्त अनुदान	२५,६९,५५२
४	२०८१/८२	३३	वढी भुक्तानी	६,५१३
५	२०८१/८२	५३	राजश्व अशुली	१,५६४
६	२०८१/८२	३७	भुक्तानी	१४,०९७
७	२०८१/८२	२७	पाठ्यपुस्तक अनुदान	५,७७,९४६
८	२०८१/८२	५२	ढिला राजस्व दाखिला	६,२२५

९	२०८१/८२	४४.२	जिन्सी	४६,३७५
१०	२०८१/८२	१९	चमेना गृह संचालन	४,०५,७२०
११	२०८१/८२	३५.२	गणेस्थान हटिया सडक	३,७९,०४१
१२	२०८१/८२	१८	खर्चको पुष्ट्याई	४,८९,४१५
१३	२०८१/८२	२९	कर समायोजन	१,०५,४३३
१४	२०८१/८२	५१	आय ठेक्का	१,२४९
१५	२०८१/८२	४२	अग्रिम आय कर	८५५
जम्मा				९०,६३,५५६

त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ

(८०३३०५०६३००)

त्रिपुरासुन्दरी गाउँपालिका , धादिङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित पालिकाको क्षेत्रफल २७१.२३ वर्ग किलोमिटर, २२९६० जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ७ वडा रहेका छन् । संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्धेश्य छ ।

(ख) लेखापरीक्षणको उद्धेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्धेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२३ देखि २०८२।७।२८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण

अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्यायतर्फ रु. १ अर्व ३५ करोड ४९ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३४०५९०.४४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	बढी भुक्तानी भएको मृतकको सामाजिक सुरक्षा भात्ता फिर्ता भई २०८२।०८।१४ मा संचितकोषमा दाखिला भएको	३४०५९०.४४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण

२.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

त्रिपुरासुन्दरी गाउँपालिका
सल्यानटार, धादिङ
एकिकृत आर्थिक विवरण
आ व २०८१/०८२

आय				व्यय			
क सं	विवरण	रकम	कुल रकम	क सं	विवरण	रकम	कुल रकम
१	गत वर्षको जिम्मेवारी		२३२३४५०१।६	१	संचित कोषबाट भएको खर्च		४९६७९८६०१।६
क	नगद	०		क	चालु खर्च	३५२१२२७१६।३	
ख	धरौटी मौज्दात	१४१९११७१।६		ख	पूँजीगत खर्च	१४४६७५८८५।४	
ग	कार्यसंचालन कोष मौज्दात	६८३६७२२		२	कार्य संचालन कोष		२३०४७१८५।३३
घ	संचित कोष	२२०६६०८		क	अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण	९४१४५०	
२	राजस्व (आन्तरिक आय)		११४३९०७२८।५	ख	अनिवार्य तथा निशुल्क शिक्षा	२३७०७९०	
क	आन्तरिक राजस्व	१४२१०८८८।४५		ग	सडक बोर्ड	१९२०९२६	
ख	राजस्व बाँडफाँड	१००१७९८४०		घ	पर्यटन बोर्ड	५०००००	
३	वित्तिय हस्तान्तरण संघ		३४५७५९४८६।५	ङ	गृहणी महिला	१५५९८५४	
क	वित्तिय समानीकरण अनुदान	११५८९२८८०		च	अन्य सार्वजनिक निर्माण कार्य संचालन कोष	१२७०२७८५।००	
ख	सशर्त अनुदान	२१६९०५७६८		छ	कार्य संचालन कोष फिर्ता	३०५१३८०।३३	
ग	समपूरक अनुदान	६७९९०८०।५		३	धरौटी फिर्ता	३०६४८४०।००	३०६४८४०
घ	विशेष अनुदान	६१६१७५८		४	विभाज्य कोष खाता	४८३२५५४।६०	४८३२५५४।६
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३८०२००६१	५	अन्तर सरकारी अख्तियारी		१५००४५५८३।६
क	वित्तिय समानीकरण अनुदान	१३१०९०००		क	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३६५०००।००	
ख	सशर्त अनुदान	२०१२४०४४		ख	सामाजिक सुरक्षा	१४८६८०५८३।६	
ग	समपुरक अनुदान	०		६	बैक खाता मौज्दात		२२६२४८४८।४५
घ	विशेष अनुदान	४७८७०१७		क	धरौट खाता मौज्दात	१८१२५६०९।६	
५	कार्य संचालन कोष आय		१६७३१४९८।००	ख	संचित कोष	३५८५०१७।०७	
क	अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण	१००००००		ग	विविध खर्च खाता	५८५५०।००	
ख	अनिवार्य तथा निशुल्क शिक्षा	२३७०७९०		घ	विविध कोष खाता	२०१०४४।१०	
ग	ग सडक बोर्ड	१९२०९२६		ङ	विभाज्यकोष खाता	३९९९२१।८६	
घ	पर्यटन बोर्ड	५०००००		च	प्रकोप व्यवस्थापन खाता	२५४७०५।८२	
ङ	गृहणी महिला	१५५९८५४					
च	कार्य संचालन कोषमा सापटी आय	९३७९९२८					
६	विभाज्य कोषतर्फको आय		५२३२४७६।४६				
क	विभाज्य कोष	५२३२४७६।४६					
७	धरौटी आय	६९९९२७८	६९९९२७८				
८	अन्तर सरकारी अख्तियारी		१५००४५५८३।६				
क	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१३६५०००					
ख	सामाजिक सुरक्षा	१४८६८०५८३।६					
	जम्मा	७००४१३६१३।६	७००४१३६१३।६		जम्मा	७००४१३६१३।६	७००४१३६१३।६

(भुमिराज श्रेष्ठ)
लेखा प्रमुख

कार्यालय प्रमुख

CS Scanned with CamScanner

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको वित्तिय प्रतिवेदनअनुसार रु.२२३०१५१६.२४ मौज्दात रहेकोमा यो वर्ष रु.२३२३४५०१।६० जिम्मेवारी सारेको छ । जस अनुसार गत वर्षको वित्तिय प्रतिवेदनमा उल्लेख भएको अन्तिम मौज्दात भन्दा रु.९३२९८५.३६ वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.३ पालिकाको धरौटीको आर्थिक विवरण परीक्षण गर्दा स्रेस्ता अनुसार बर्षान्तको मौज्दात रु १८१२५६१० वाँकी हुनुपर्नेमा वैंकमा रु. ८७४५६८२ मात्र वाँकी रहेको देखिन्छ। अर्थात रु. ९३७९९२८ वैंक घटी छ। कार्यालयले भुक्तानी गर्न रकम अभाव भएका कारण कार्यसंचालन कोषमा धरौटी खाताको रकम रु. ९३७९९२८ लेखाँङ्कन नगरी बैङ्क मात्र ट्रान्फर गरेर खर्च गरेकोले फरक भएको जनाएको छ। लेखापरीक्षणका क्रममा उक्त रकम पुन धरौटी खातामा जम्मा गरेको प्रमाण पेश गरेको छ । पालिकाले धरौटीको रकम जुन प्रयोजनमा राखिएको हो सोही प्रयोजनकोलागि मात्र खर्च गर्नुपर्दछ।

२.४ बैङ्क हिसाब विवरण- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु	फरक
ग १.१ आन्तरिक राजस्व खाता	०	२१२५७	२१२५७
ग २.३ विविध खर्च खाता	५८५५०	१५५८०८	९७२५८
ग ३.१ स्थानीय तह धरौटी खाता	१८१२५६१०	८७४५६८२	-९३७९९२८
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	३५८५०१७	४२३९२८४	६५४२६७
ग ५.१ स्थानीय तह विविध कोष खाता	२०१०४४	२४०७६४	३९७२०
ग ६.१ स्थानीय तह विभाज्य कोष खाता	३९९९२२	३९९९२२	०
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	२५४७०६	२५४७०६	०
जम्मा	२२६२४८४८	१४०५७४२२	-८५६७४२६

२.५ **फरक हिसाव** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण पेश गरेको छ। सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको अनुसुचीमा संलग्न प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा कार्यसंचालन कोषको जिम्मेवारी भन्दा रु.१०४,७७५।८७ ले वढि कायम गरेको तथा आम्दानीमा रु. ९८,०४१।१२ ले एकिकृत आर्थिक विवरणमा आम्दानी गरेको देखिन्छ। साथै अन्तर सरकारी अख्तियारी तर्फको रु. १५,००,४५,५८३।६० कारोवार रकम समेत सुत्र प्रणालीमा समावेश छेन। सोलाई समेत समावेश गरेर एकिकृत आर्थिक विवरण तयार पारेको छ । कार्यसञ्चालन कोषको हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा २.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी

असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्क्षले मिति २०८१।३।९ गते रु. ६२ करोड ३७ लाख ४८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोहि दिन पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

३.२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुण महिनाभित्र सम्पन्न गरि सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। पालिकाले सो वमोजिम समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार समिति गठन गरी बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट तर्जुमा एवं सोको कार्यान्वयन हुनुपर्दछ ।

३.३ **रकमान्तर-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत गाउँ सभावाट अनुमोदन गरी विभिन्न ८५ वटा योजनालाई बढाएर १४७ वटा योजनाबाट रू. ५ करोड ८० लाख ९ हजार रकमान्तर गरी खर्च गरेको छ। यसरी पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत रकमान्तर गर्ने कार्य बजेटको सिद्धान्त विपरित देखिन्छ। बजेटमा समावेश भएका योजना तथा कार्यक्रम मात्र संचालन गर्न पालिकाले विशेष ध्यान दिनुपर्दछ।

३.४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३.५ **त्रैमासिक खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च रु.	त्रैमासिक खर्च रु.				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महि
पूँजिगत खर्चतर्फ	१४,४६,७५,८८५	१,४०,९९,०१२	२,१२,४९,६३३	४,४१,५८,७७५	६,५१,६८,४५५	३,१३,९२,
प्रतिशत	१००.००	९.७५	१४.६९	३०.५२	४५.०४	२१.७०

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा ९.७५ प्रतिशत दोश्रो त्रैमासिकमा १४.६९ प्रतिशत तेश्रो त्रैमासिकमा ३०.५२ प्रतिशत र चौथो त्रैमासिकमा ४५.०४ प्रतिशत र आषाढ महिनामा मात्र २१.७० प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

३.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०८१/८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छ ।

	रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाख सम्मका	रु. ५लाख देखि १० लाखसम्मका	रु. १०-५० लाख सम्म	५० लाख भन्दा बढी	५०/५० लागत जन सहभागिता	अन्य योजनाहरु	जम्मा
वडा स्तरिय	२४	७५	४८	६					१५३
पालिका स्तरीय	१	२९	२१	६	१३	९			७९
जम्मा	२५	१०४	६९	१२	१३	९	०		२३२

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १० लाख भन्दा माथिका जम्मा २२ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र १९८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

३.७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेपर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेता पनि आवधिक योजनासँग तालमेल हुनेगरी वजेट तथा कार्यक्रम कार्यान्वयन गरेको पाइएन। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनामा भएका विषयहरुलाई नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्नुपर्दछ।

क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२०१४९०००	७७०४५९२	३८.२४
२	पूर्वाधार विकास	१७८३२०३३७	११९९२२५०६	६७.२५
३	सामाजिक विकास	३०३९३९०००	२६४१०४४६६	८६.८९
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१९५७५०००	१४५५१९८८	७४.३४
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१०१७६४६६३	९०५१५०४९	८८.९५

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८८.९५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी अर्थात् ३८.२४ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

३.८ गत विगतको भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ३,३५,१९,६७२।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८२ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको भौचर लेखापरीक्षणको क्रममा पेश भएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	शसर्त	२१६९०५७६९	२१६९०५७६९	१०७६५२३२
	विषेश	६१६१७५८	६१६१७५८	९६१८५९
	समपुरक	६७९९०८१	६७९९०८१	२०१०१२
प्रदेश सरकार	शसर्त	८१८०९४८	८१८०९४८	८६७०५२
	विषेश	४७८७०१७	४७८७०१७	२२१२९८३
	समपुरक	११९४३०९६	११९४३०९६	१५५६९०४

५ आन्तरीक नियन्त्रण

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

क) **वजेट व्यवस्थापनतर्फः**

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

• सवै योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरेर मात्र भुक्तानी नगरेको ।

• अनुदान वितरणमा भएका खर्च वेभसाइट मार्फत सार्वजनिक नगरेको ।

ख) भ्रमण खर्च व्यवस्थापनतर्फः

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने ब्यवस्थालाई पूर्णरुपमा पालना नगरेको ।

ग) खरिद व्यवस्थापन तर्फः

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि प्रभावकारी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा अक्षरशः पालनामा जोड दिनुपर्ने ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र व्यवस्थित अभिलेख नराखेको ।

घ) शिक्षातर्फः

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ को (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

ङ) विविध तर्फः

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्नुपर्ने ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्र्योट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• साविकमा अनुदान दिइएका कार्यक्रम तथा योजनाको वस्तुपरक मूल्यांकन नगरेको ।

• गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरा कार्यान्वयन नगरेको ।

• गाँउपालिकाले भौतिक संरचना निर्मण गर्दा सार्वजनिक स्वामित्वमा रहेको देखिने कागजात समेत संलग्न नगरेको।

• गाँउपालिकाले नागरिकलाई प्रष्ट देखिने गरी नागरिक बडापत्र राख्नु पर्नेमा नराखेको।

• गाँउपालिकाले समयमै महशुल भुक्तानी गरी छुट लिनु पर्नेमा विद्युत महशुल भुक्तानीमा जरिवाना तिर्ने गरेकोले ।

· गाँउपालिकाले मध्यकालिन खर्चको संरचना तयार नगरेको ।

· गाँउपालिकालेदैनिक भत्ता सम्बन्धमा भ्रमण बिल पेश गर्ने बेला भम्रण प्रतिवेदन समेत पेश गर्ने नगरेको

· गाँउपालिकाले इन्धन खर्च लेख्दा लगबुक राखेर मात्र खर्च लेख्नुपर्नेमा लगबुक संलग्न नगरी खर्च लेख्ने गरेको।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

· गाँउपालिकाले यसवर्ष कार्यसम्पन्न भएका, विभिन्न आयोजनाहरु उपझोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको

गाउँपालिकाले उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

६ **सहकारी नियमन**

सहकारी ऐन२०७४ को दफा ७३ अनुसार मासिक,चौमासिक,वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली२०७५ को नियम २८(४)सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २५ वटा सहकारी संस्था रहेका छन्।जसको विवरण देहाय अनुसार रहेको छ।

क्रस	विवरण	संख्या
१	सहकारी सुचिकरण	२५
२	COPOMIS दर्ता	१९
३	सहकारी संस्थाको व्यवसाय करमा आबद्द	२५
४	सहकारी संस्थाको व्यवसाय कर नविकरण	४
५	सहकारी संस्थाको बहाल कर	०
६	सहकारी संस्थाको साधारण सभा प्रतिवेदन	४
७	सहकारी संस्थाको आव२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन	७
८	सहकारी संस्था खारेजी	०
९	सहकारी अनुगमन	२५

पालिका भित्रका २५ मध्ये १९ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा २५ वटा दर्ता भएका सहकारी संस्थाको व्यवसाय करमा आबद्द, व्यवसाय कर नविकरण,सहकारी संस्थाको साधारण सभा प्रतिवेदन,सहकारी सस्थानको आ.व.२०८०/०८१ को ७ सहकारी संस्थाले लेखापरीक्षण प्रतिवेदनतयार गरेको र कुनैपनि सहकारी व्यवसायी करमा आबद्ध छैनन। सहकारी संस्थाको व्यवसाय कर नविकरण र साधारण सभा प्रतिवेदन ४ सहकारीले तयार गरेका छन। विवरणमा २५ वटै सहकारिको अनुगमन गरेको भनिएतापनि अनुगमन प्रतिदन पेश गरेको छैन। जसले गर्दा सहकारीको संचालननियमन नियमावली र निर्देशिका अनुसार भएको पाइएन।तसर्थः ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण अद्यावधिक गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष ८ उजुरी परेकोमा ६ वटा लिखित सहमतिका आधारमा फस्यौंट भएको २ वटा फछ्यौंट हुन नसकेको उल्लेख छ।सबै मुद्दाको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र लिखित रूपमा फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

८ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. ३२,१५,४८४।०० खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग

भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो. भौ. न. र मिति	रकम	संस्था	कैफियत
८२८।०८२।३।६	४०००००	श्री रुपनुगा परा विद्यापिठ आवाशिय गुरुकुल	शिषकको तलव तथा विद्यार्थीहरुको कपडा खाद्यान्न र स्टेशनरीको लागि
४४०।०८१।११।१३	१४९७३०	सृजनशिल महिला समूह वडा नं ५ र कन्यादेवी महिला पशुपंक्षी तथा कृषक समूह	१।१ सेट पञ्चे बाजा खरिद गरी वितरण
२८२।०८१।९।२१	२९९४६०	४ वटा विभिन्न महिला समूह	१६ सेट पञ्चे बाजा
४५१।०८१।११।१८	३२५२००	त्रिपुरासुन्दरी न्वागी मेला आयोजना	
६५६।०८२।१।२१	११११११	बेनीघाट रोराङ गाउँपालिका	शैक्षिक उत्थान कोष व्यवस्थापन
६६९।०८२।१।२२	७९९८३	सुधारिएको चुलो निर्माण वितरण	२२८ घरधुरी
२६७।०८१।९।१८	३५००००	११ औ त्रिपुरासुन्दरी गाउँपालिकास्तरीय वडाकप फुटवल प्रतियोगिता संचालन अनुदान	वडा कार्यालय १
२६९।०८१।९।१८	२५००००	चुलादेवी मा वि वडा नं २	बाल उद्यान निर्माण गर्न
२५६।०८१।९।१८	७०००००	महेन्द्रदोय मा वि वडा नं ३	शैक्षिक गुणस्तर सुधार
३२२।०८१।१०।४	३०००००	चुलादेवी मा वि वडा नै २	शैक्षिक गुणस्तर सुधार
४५७।०८१।११।१९	२५००००	जनज्योती आ वि	शैक्षिक गुणस्तर सुधार

९ **अवकाश कोष**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका स्थायी कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण औषधि उपचार लगायत सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाँउपालिकाले कर्मचारी कल्याणकोष संचालन कार्यविधि तर्जुमा गरी कोष स्थापना गरेको छैन ।

१० **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको ७ वटै वडा कार्यालय समेत प्रशासकिय भवन र जग्गा, १५ शैय्या अस्पतालको भवन र जग्गा रहेको छ ।सो मध्ये प्रशासकिय भवन ७ रोपनी ११ आना १ पैसा क्षेत्रफल र ५ नं वडा कार्यालय तथा भवन १ रोपनी जग्गाको मात्र जग्गाधनी पुर्जा तथा अभिलेख मुख्य स्टोर प्रशासनमा रहेको पाइयो । पालिकासंग चारपाङ्ग्रे सवारी साधन २ वटा, दुई पाङ्गे सवारी साधन ३१ वटा, १५ शैय्याको अस्पतालमा एक्सरे मेशिन रहेको विवरणमा उल्लेख छ ।उक्त ३१ वटा दुइ पाङग्रे सवारी साधन मध्ये १६ वटाको परल मुल्य खुलेको पाइएन। पालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको छैन ।सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड पनि बनेको छैन ।संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी प्रतिवेदन लिएको छैन ।

११ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ ,९६ र ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात अनिवार्य रुपमाPublic Asset Management System (PAMS) प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका समानहरुको अवस्था अनुसार Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कुर्ची, टेवल, कम्प्यूटर,ल्यापटप, प्रिन्टर,रिभलिङ चेयर, आइप्याड,फनिचर लगायतका ४२ मालसामान मर्मत गर्नुपर्ने, ९२ मालसामान लिलाम गर्नुपर्ने जिन्सी प्रतिवेदनमा उल्लेख छ। मालसामानहरुको मर्मत,लिलाम गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।
- जिन्सी शाखा प्रमुखले लिलाम गर्नुपर्ने सामग्रीको लिलाम प्रक्रिया प्रारम्भ नगरेको ।
- अन्य निकायबाट प्राप्त भएका सामग्रीहरु हस्तान्तरण फाराम र दाखिला फारम अनिवार्य राख्नुपर्नेमा नराखेको।
- कार्यालयमा रहेका मालसामानको सहायक जिन्सी खाता (पाम्स) मा प्रविष्टि नगरी मालसामान विरतरण गरेकोले मालसामानको उपयोग तथा संरक्षण नहुने भएकोले सहायक जिन्सी खातामा विवरण अद्यावधिक गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी तुल्याउनु पर्ने।

१२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

१२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तयार गरेको छैन । कर्मचारी समायोजन हुदाँ सातवटा वडा कार्यालय रहेको यस पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा

३८.५ **सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

३९ पाईप जडान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को १० मा भुक्तानी दिनु पूर्व जिम्मेवार पदाधिकारीले कागजात प्रमाणको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। खन्नेकाम र HDEP पाईपको काम ३३० मी गराएको भनी वडाध्यक्षको सिफारिसमा व्राउन आईज कन्ट्रक्सन एण्ड सप्लायर्सको रु ५००००० को विल संलग्न गरी वडा सचिवलाई रु ४६३२३१ भुक्तानी गरेको नियमसंम्मत देखिएन। उक्त पाईप जडान कार्यको लागत अनुमान स्वीकृत तथा कामको नापजांच गरी जडान गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।

प्रमाण पेश नगरेको	४,६३,२३१

४० बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहायको कार्यक्रममा लेखा परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।ब.उ.शि.त्रिपुरासुन्दरी गाउँ कार्यपालिका पूँजीगत गो. भौ.नं.२९ मिति २०८१/०९/१८ मा खयरघारी ठूलो गाउँ मेनचोक खानेपानी व्यवस्थापनको कार्य प्राविधिक विल अनुसार भुक्तानी गर्नु पर्ने रकम रु.२,६७,७८४।४८ भएकोमा पालिकाबाट रु. २,९१,०००/- भुक्तानी भएको हुँदा बढी भुक्तानी रकम रु.२३,२१५।५२ असुल गर्नुपर्ने देखिन्छ।

असुल गर्नुपर्ने	२३,११५.५२

४१ प्रमाण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को १० मा भुक्तानी दिनु पूर्व जिम्मेवार पदाधिकारीले कागजात प्रमाणको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न अनुसारको भुक्तानी गरेको देखिएकोमा सोसंग सम्वन्धित प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको रु

शिर्षक	भौचर	मिति	कार्यक्रम	भुक्तानी पाउने	भुक्तानी रकम
गापा पुंजीगत	६	२०८१।६।२०	कन्टिन्जेन्सी	indra sarobar auto mobiles pvt.ltd.	४६३५००
	१७	२०८१।८।१०	वडा कार्यालय ब्यकअप तथा सिस्टम जडा	R.B. Electric And Electronics	७६८४६९
	५५	२०८१।१०।१०	कन्टिनजेन्सी कोष ढुङ्गा गल्छिना सडक कालोप वाट सडक मर्मत	jire khursani construction	९१९८२
	१९२	२०८२।१।२५	फर्निचर तथा फिक्चर्स	chandra binayak veniar udhyog.t.s.m	४९१५५
दायित्व	४१	०७/२८/२०८१		हरीसिद्धि गणेश हार्डवेयर सेन्टर	५३९२०
जम्मा					१४२७०२६

प्रमाण पेश नगरेको	१४,२७,०२६

४२ अग्रिम आय कर

आयकर ऐन २०५८ को दफा ८९ मा बील भरपाई बमोजिम रकम भुक्तानी गर्दा कर कट्टी गर्ने व्यवस्था छ । देहायका विवरणहरुमा कम कर कट्टी गरी भुक्तानी रहेको छ ।निम्न अनुसारको घटी भएको अग्रिम कर असुल गर्नुपर्ने रु

गो.भौ.नं. मिति	नाम	शिर्षक	रकम	कट्टी भएको	कट्टी हुनुपर्ने	वाकी रकम
७३-२०८१।१०।२९	आरुखर्क सामुदायिक भवन संसक्षण	अन्य वहालकर	३६३७५	१७००	३६३८	१९३८
२१३-२०८२।०३।१७	बुनाइ तालिम गाडि भाडा	अन्य वहालकर	२००००	०	२०००	२०००
२७४-२०८२।०३।११	प्राथमिक स्वास्थ्य केन्द्र ह्यापिङ्ग सडक ग्याविन जाली उ.स.	अन्य वहालकर	७५०००	७५०	७५००	६७५०
		जम्मा				११५४३

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **८५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१०,६८८

४३ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयारगर्दा सार्वजनिक खरिद नियवली, २०६४को नियम१०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची१मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.२५००० मर्मत तथा इन्धनमा रु.२००८१९० कार्यलय सञ्चालन तथा अनुगमनमा रु.१५८५४७३ र अन्य रु.१६५८६९६ समेत यस वर्ष रु.७९८७३५३ कन्टीन्जेन्सी खर्च गरेको छ।

कार्यक्रमको नाम	लागत अनुमान	कन्टिन्जेन्सी खर्च		कन्टिन्जेन्सी खर्च शीर्षकगत				
		गत वर्षसम्मको	चालु वर्षको	मस्टरोल ज्याला	सवारी , मर्मत तथा इन्धनऽ सुचना	कार्यलय सञ्चालन अनुगमन	निर्माण तथा परामर्श	अन्य मेशिनरी समेत
बिभिन्न 38 कार्यक्रम	८६८२१५०	०	७९८७३५३	२५०००	२००८१९०	१५८५४७३	२७०९९९४	१६५८

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

४४ **जिन्सी**

४४.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९५ मा आफ्नो कार्यालयको रहेको तथा खरिद गरेको मालसामानको प्राप्त भएको सात दिन भित्र विवरण तथा मूल्य खुलाई सामानको प्रकृति अनुरुप म.ले. प जिन्सी खाता नं. ४०२ देखि ४१२ नम्बरका जिन्सी खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले भौचर १०-२०८१।७।२६ वाट रु. ५२१,०९९ स्टेसनरीका विभिन्न २१ प्रकारका मालसामान खरिद गरेकोमा १४ प्रकारका समानमात्र दाखिलागरी रु. ७५,२३१ रकम वरावरको ७ प्रकारका रु. ७५,२३१ रकम वरावरको मालसामान जिन्सी दाखिला गरेको देखिएन । कार्यालय खरिद गरेका मालसामान जिन्सीखातामा अभिलेख राख्नुपर्ने देखिन्छ ।

प्रमाण पेश नगरेको	७५,२३१

४४.२ **जिन्सी दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४६,३७५.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५ **DPR खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष ५ कार्यमा कुल रु १८०२२९४.खर्च गरेको छ। यसरी खर्च गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर

कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

क्र. सं.	कार्य विवरण	परामर्शदाताको नाम	स्विकृत लागत अनुमान	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत	कैफसयत
१	आँखु साँघु आँपचौर सडक डिपिआर	किवे इन्जिनियरिङ प्रा लि	४९८७१२.३२	४९०९८५	५२९११४२४५	
2	नरसिङ धाम ट्रस निर्माण	सर्वोत्तम इन्जिनियरिङ्ग सोलुसन प्रा. लि.	८२९९५	७४९२०	१२१६५७६७	
३	गणेशस्थान हटिया सडक पहिरो नियन्त्रण	भिजन नेक्स्ट प्रा लि	२४९२७३	२४७९७८	१०३५४५५५	
4	गाउँपालिका भिमसेनथान सडक	सिभिल आइकन प्रा लि	४९८७१२.३२	४९३४७१	३८८२३४८७८	कार्यान्वयन नगरेको
५	तिलहारकोट बेलुन आल्थोक सडक	भरोसा नेपाल प्रा लि	४९८७१२.३२	४९४९४०	५६६८३५६६८	कार्यान्वयन नगरेको
		जम्मा	१८२८४०४.९६	१८०२२९४.		

पालिकाले उल्लेखित २ योजना कार्यान्वयन गरेको देखिएन। साथै गत विगतमा गरेको यस्ता अध्ययन समेतको लगत अध्यावधिक गरी योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

४६ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार पालिकाले पालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहरमैला संकलन र व्यवस्थापनको कार्य गर्नुपर्ने व्यवस्था छ ।यसरी संकलन गरेको फोहरमैलाको फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । स्रोतमै वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्नु पर्दछ । पालिकाले फोहरमैला संकलन र व्यवस्थापनको कार्य नगरेको कारण गाउँको स्वच्छ वातावरणमा प्रभाव परेको छ । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४७ मर्मत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३९ को उप नियम १० अनुसार सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयको आधारमा

४६ जना कर्मचारीहरुलाई रु. ५ हजार देखि १५ हजारसम्मको दरले २०८१ माघ महिनामा रु. ४ लाख ३५ हजार रुपैयाँ मर्मत वापत बिल भरपाई वेगर बैक खातामा नगद भुक्तानी गरेको छ । बिल भरपाई वेगर खर्च लेख्नु नियम संगत भएको देखिएन ।

अनियमित भएको	४,३५,०००

४८ **जिन्सी निरीक्षण भत्ता**

कार्य संचालन निर्देशिका, २०८१ को दफा ४५ ले बैठक भत्ता सम्वन्धी मापदण्ड तोकेको छ । कार्यालय समयमा बस्ने बैठकको र एउटै निकायका व्यक्तिहरु मात्र बस्ने बैठकको भत्ता खर्च लेख्न नमिल्ने व्यवस्था छ । पालिकाले कार्यपालिका बैठकबाट निर्णय गरी जिन्सी निरीक्षण कार्यमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुलाई १ दिन देखि ७ दिन सम्मको दैनिक रु. १ हजारको दरले १५ जनालाई रु. ५१ हजारमा कर कट्टा गरी रु ४३३५०।०० सभागिता (बैठक) भत्ता खर्च लेखेको छ । जिन्सी निरीक्षणको कार्य कार्यालय समयमा गर्नुपर्ने नियमित कार्य र कार्यालयको व्यक्तिहरु मात्र सहभागी हुने भएकोले बृठक भत्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

४९ **करार शिक्षकको तलव**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ४ अनुसार स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँडबाट प्रप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने प्रावधान रहेको छ । सोही ऐको दफा २८ अनुसार अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ ।यो वर्ष पालिकाले ८ वटा माध्यामिक विद्यालय र ७ वटा आधारभुत विद्यालयमा कार्यरत ५ जना माध्यामिक तहको करार शिक्षक, ५ जना आधारभुत तहको करार शिक्षक, १ जना लाइब्रेरीयन, ४ जना दरवन्दी भन्दा बढी बाल विकास सहजकर्ताको तलव भत्ता स्वरुप रु. ४६,५७,११४।०० वित्तिय समानीकरण अनुदान शिर्षकबाट खर्च लेखेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार नेपाल सरकारबाट पालिकालाई उपलव्ध भएको वित्तिय समानीकरण अनुदानको रकमबाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र पालिकाले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र गर्नुपर्ने व्यवस्था गरेको हुँदा वित्तिय समानीकरण अनुदानको रकमबाट करार सेवाका शिक्षकको मासिक पारिश्रमिक भुक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न मिल्ने देखिदैन । साथै वित्तिय समानीकरण अनुदानको प्रयोग सम्वन्धमा अर्थ मन्त्रालयको च. न. १२१ मिति २०७८ असार २७ गते र सोही पत्रलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५६३ मिति २०७८ असार ३० गते सवै स्थानीय तहलाई गरेको परिपत्र अनुसार समेत प्रशासनिक खर्च गर्न नमिल्ने देखिन्छ ।

५० **कानूनको कार्यान्वयन**

अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची-३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। तसर्थ प्रदेशले तोकेको दर बमोजिम असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

५१ **आय ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२(क) को उपदफा १ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकनतथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तुको विक्री गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ जारी भएको छ। बागमती प्रदेश सरकारबाट जारी गरिएको प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९ को उपदफा १ मा आ.व.२०८१।८२मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, र दहत्तर बहत्तरको संकलनमा अनुसूची- ५ बमोजिमकोशुल्क लगाउने व्यवस्था रहेकोछ।यस सम्वन्धी देखिएका व्यहोरा देहय अनुसार छन।

१.त्रिपुरासुन्दरी गाँउपालिकाको बुढीगण्डकी र आखु खोला नदी किनारामा रहेको नदीजन्य ढुङ्गा गिट्टी बालुवाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार नगरीडाडागाँउ नाकाबाट ४७२३.११ घन.मि, लपाङ नाकाबाट ९४४६.२० घन.मि, टारीवेशी नाकाबाट १५७४.३७ घन.मि, सुकौरा नाका बाट १५७४.३७ घन.मि, मगरडाँडा नाकाबाट ४७२३.११घ.मि, काष्टेखोला आरुघाट पड्केघारी नाकाबाट ६२९७.४६घन.मि रबट्टा नाकाबाट ४७२३.११गरी कुल ३३०६१.७३ घन मि. ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् गर्न सकिने गरी २०८१।०६।२२ मा प्रथम पटक सुचना प्रकाशन गरेको छ। लपाङ नाकामा प्याल्दोर हिमाल कन्ट्रक्सन टारीवेशी नाकामा र मगरडाँडा नाकामा त्रिपुरा गणेश कन्ट्रक्सनको प्रस्ताव पेश भएको र बाँकी मिति २०८१।०९।११ को दोर्सो पटकको सुचनामा सुकौरा नाकामा नेत्रावती कन्ट्रक्सन र काष्टेखोला आरुघाट पड्केघारी नाकामा बत्स भार्गव कन्ट्रक्सन को पस्ताव परेको र बाँकि बट्टार र डाडा गाँउ नाकामा प्रस्ताव नपरी ठेक्का परेको छैन। पालिकाले सार्वनिक गरेको सुचना अनुसार पर्थम पटकको सुचना अनुसार पर्स्ताव पेस गर्ने व्यवसायीलाई २०८१।०९।११मा १५७४३.६७ घन.मी. का लागी रू.६४११९९९.३३ घन.मी र दोस्रो पटक को सुचना अनुसार परिमाण र कवोल अंक घटी २०८१।१०।०२ मा ७८६१.८३ घन मी का लागी रू.१८५७५९८.८४ गरी कुल २३६०५.५ घन.मि. को मु.अ.कर सहित त्रिपुरा गणेश कन्ट्रक्सन संग रू.८२६९५९८.१७ सम्झौता गरिएको छ।

२. ढुंगा गिट्टी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ७ अनुसार उत्खनन तथा संकलनको परिमाण नियन्त्रण गर्नको लागि संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँत तथा रेखाङ्कनका आधारमा उत्खननमा संकलन क्षेत्र निर्धारण गरी लाईन लेवल समेत दिनुपर्ने उक्त क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने निर्धारित परिमाण उत्खनन भएको पाईएमा उत्खनन तथा संकलन कार्य बन्द गराउनुपर्ने व्यवस्था गरेको छ।तर पालिकाले संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँच तथा रेखाङ्कन का आधारमा लाईन लेवल दिएको देखिएन। साथै पालिकाले नियमित अनुगमन गरी उत्खनन् तथा संकलन गरेको परिमाण आवधिक रुपमा नापजाँच गरी यकिन गर्दै जानुपर्नेमा पालिकाबाट नापजाँच गरी प्रतिवेदन पेश गरेको देखिएन। जसले गर्दा पालिकाले उत्खनन् तथा संकलन गरेको परिमाण नियन्त्रण गरी प्राकृतिक स्रोत साधनको दोहन रोक्ने प्रयास गरेको देखिएन।

३. निर्माण सेवालाई २३६०५.५ घन.मि. अनुमति दिएकोमा स्वीकृत ठेक्काको ढुङ्गा, गिट्टी बालुवा,उत्खनन गरी वितरण गर्न पालिका बाट नदीजन्य पदार्थमा कर संकलन गर्ने उद्देश्यले पालिकाले आवहान गरेको सूचनामा पालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु सो कर संकलनको लागि सम्झौता भएको बुढी गण्डकी नदीको विभिन्न क्षेत्रको ढुङ्गा, गिट्टी वालुवा संकलनको लागि पालिका र उल्लिखित फमहरुसंग सम्झौता भई ठेकेदारले रसिदहरु छपाई पालिकाबाट ८५ वटा ठेली पालिका बाट प्रमाणित गरि लिएको मा प्याल्दोर कन्स्ट्रक्सनले लिएको २० ठेली रसिद मध्ये प्रयोगमा आएको ७ वटा र प्रयोगमा नआएको ९ गरी १६ वटा फिर्ता गरेको र बाँकी ४ वटा फिर्ता भएको छैन तेस्तै त्रिपुरा गणेश लाई २५ ठेली प्याड दिएकोमा २० ठेली फिर्ता गरेको मा ५ ठेली बाँकी देखिन्छ,नेत्रावती मल्टिप्रपोज लाई ५ र वत्सव भार्गव कन्स्ट्रक्सन प्रा.ली लाई २० ठेली दिएकोमा फिर्ता

गरेको छैन। अर्धकट्टी फिर्ता नगरेकोले ठेकेदारले कति परिमाणमा नदिजन्य पदार्थ संकलन गरेको हो सोको एकिन गर्न सकिएन। ठेकेदारसंगको सम्झौता अनुसार २०८२।३।३० सम्ममात्र नदिजन्य पदार्थको उत्खनन् भएको देखिएतापनि ठेकेदारले रसिदबाट संकलन गरेको कर वापतको रकम सम्बन्धमा पालिकाले एकिन गरी सो वापतको मु.अ.कर समेत थप असुल भए नभएको एकिन हुनु पर्दछ।यसरी संकलित ढुङ्गा, गिट्टी, बालुवाको वास्तविक उत्खनन गरेको परिणाम समेत एकिन गर्न सकिने अवस्था छैन।

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१,२४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ **ढिला राजस्व दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **राजश्व अशुली**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१,५६४.३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

राजस्व शीर्षक	अनुमानित बजेट (रु.)	प्राप्त रकम	आय प्रतिशत
सम्पत्ति कर	०	१,९७,८६६.४८	-
भूमिकर/ मालपोत	१०,००,०००	३,५१,२८७.७६	३५.१३
घरजग्गा रजिष्ट्रेशन दस्तुर	२५,००,०००	२९,८९,२६०.८७	११९.५७
बहाल कर	१०,००,०००	१०,१३,६०६.२४	१०१.३६
बहाल बिटौरी कर	०	५,०००	-
बाँडफाँड भई प्राप्त हुने मूल्यअभिवृद्धि कर	६,२६,४१,७८२	५,६२,६३,९४५.३३	८९.८२
बाँडफाँड भई प्राप्त हुनेअन्तःशुल्क	२,२७,५८,२१८	१,९९,५८,५०६.३४	८७.७
पूर्वाधार सेवाको उपयोगमा लाग्नेकर	०	२००	-
बाँडफाँटबाट प्राप्त हुने सवारीसाधन कर	१,९८,७९,४५०	१,६३,४३,२१६.४७	८२.२६
बाँडफाँडबाट प्राप्त हुनेमनोरञ्जन कर	०	६००	-
व्यवसायले भुक्तानी गर्ने	२०,००,०००	२,८२,७००	१४.१४
व्यवसाय बाहेक अन्यले भुक्तानीगर्ने	०	४००	-
कृषि तथा पशुजन्य वस्तुकोव्यावसायिक कारोबारमा लाग्ने कर	०	४९,६००	-
अन्य कर	०	२,९१,१७७	-
बाँडफाँड भई प्राप्त वन रोयल्टी	२८,११८	११,१०,४२०.७१	३९४.९३
बाँडफाँड भई प्राप्त जलस्रोतसम्बन्धी रोयल्टी	११,८७,९२६	७,३६,११६.०६	६१.९७
बाँडफाँड भई प्राप्त दहत्तरबहत्तरको विक्रिबाट प्राप्त हुने आय	५०,००,०००	२७,७७,७७५.१२	५५.५६
परीक्षा शुल्क	०	३६,६००	-
अन्य प्रशासनिक सेवा शुल्क	०	४४,२७,८७३.०१	-
नक्सापास दस्तुर	०	१,११,६४८.५४	-
सिफारिश दस्तुर	०	८,५७,७००	-
व्यक्तिगत घटना दर्ता दस्तुर	०	१,१३,३००	-
नाता प्रमाणित दस्तुर	०	१,०९,३००	-
अन्य दस्तुर	१०,००,०००	१,९२,५००	१९.२५
व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	३४,५००	-
विद्युत सम्बन्धी दस्तुर	०	२००	-
प्रशासनिक दण्ड, जरिवाना र जफत	०	२,४७१.००	-
धरौटी सदरस्याहा	०	१,५४,५००	-
अन्य राजस्व	०	१५,६००.००	-
व्यवसाय कर	०	१,१६,६००	-
जम्मा	११,८९,९५,४९४.००	१०,८५,४४,४७०.९३	

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरीव्यवसाय कर, विज्ञापन कर मनोरञ्जन कर लाई समेत करको दायारामा ल्याउनु पर्दछ।

५५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८७४११००० । प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ६१२८४३५.६४अर्थात अनुमान भन्दा ७० प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले क्षेत्र भित्रका कर्मचारीका लागी चमेना गृह संचालन गर्न पहिलो पटक पहिलो पक्ष त्रिपुरा सुन्दरी गाँउपालिका र दोस्रो पक्ष गंगा जमुना होटेल एण्ड लजसंग मासिक रू ८०५०। कोठा भाडा र सम्झौता अवधि ३ बर्ष र हरेक २ बर्षमा १० प्रतिशतले भाडा बृद्धिहुने गरी २०७७।०५।१० गते सम्झौता गरेको सम्जौता पत्रमा उल्लेख छ।पालिकाले आ.व.२०७७।०७८ देखी २०८१।०८२ सम्म चमेना गृह संचालन बापत कुनैपनि भाडा पालिकाको आन्तरिक आयमा समाबेस गरेको छैन। पालिकाले आ.व.२०७८।०८९ को रू ९६६००।- लेखापरिक्षण प्रतिवदनमा बेरूजु कायम भएको सम्परीक्षण विवरण पेस भएको र आ.व. २०८९।०८०को बाकिँ रू.९६६००। सम्झौता अनुसार दुइ बर्ष पछीको १० प्रतिशत कोठाभाडा बृद्वि सहितको आ.व २०८१।०८२ सम्मको दुइ बर्षको रू.२१२५२०।- गरी जम्मा रू ३०९१२०।- असुलगरी स्थानिय संचित कोषमा दाखिला हुनुपर्ने रू	३,०९,१२०
२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिलभरपाईप्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ पालिकाले देहायका व्यक्ति तथा फर्मलाई प्रमाण बेगर भुक्तानी गरेकोले सोको प्रर्माणपेस हुनपर्ने अन्यथा असुल गर्नुपर्ने रु	३,०९,०६०

क्र.सं.	बेरुजुको विवरण				रकम
	गोभौनमिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रु	कैफियत	
	२०। २०८१। ०६।१६ २१। २०८१। ०६।१६	इन्द्र कुमार श्रेष्ठ	१४२६२४	फोहोर उठाउन बनाइएको कार्यविधि र सम्वन्धित वडा कार्यालयको सिफासरिस पत्र पेस गर्नुपर्ने रू१४२६२४	
	२४/२०८२। ०३।३२	समबृद्धि सेवा केन्द्र	१९९८६	समबृद्धि सेवा केन्द्रको १५ दिने क्रिष्टल र पोतेको गहना बुन्ने कार्यक्रममा रू.३००००० को सम्जौता अनुसार भुक्तानी हुनु पर्नेमा कर कट्टि सहित ३२९९८६ भुक्तानी भएको ले बढि भुक्तानी भएको रू १९९८६ असुल हुनुपने	
	२४। २०८१। ०६।१६	रविन्द्र बहादुर बस्नेत	८९९५०	५१ घरधुरीलाई ५० प्रतिसत बिमा बापत भुक्तानी को कार्यविधि पेसगर्नु पर्ने रू.८९९५०	
	२८। २०८१। ०६।१८	सुदिन इलोक्ट्रोनिक सप	४५५००	सुदिन इलोक्ट्रोनिक सप बाट विजुल्लिको तार र सडक बत्ति खरिदको विवरणहेर्दा खरिद आदेश रू१९१३२० विल रकम र जिन्सी दाखिलामा रू.२१६१९२ र भुक्तानी भएको रू.२६१६९१ भएको ले बढी भुक्तानी भएको रू.४५५०० असुल हुनपर्ने रू	
	४४। २०८१। ०६।१९	इश्वर गौली	११०००	गाडी भाडा को सम्झौता पत्र पेस गर्नु पर्ने रू	
	जम्मा		३०९०६०		

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>३</td><td>

बढी निकासा: रु.

निशुल्क पाठ्यपुस्तक बापत निकासा गर्दा पाठ्यपुस्तक खरिदको बिलको आधारमा विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाई भन्दा बढी नहुने गरी निकासा दिनु पर्दछ । पालिकाले अचाने माध्यामिक विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम निकासा गर्दा भरपाई भन्दा बढी निकासा दिएको देखिएकोले सम्वन्धितबाट असुल गर्नु पर्ने रु.

<table>
<tr><th>सि. नं.</th><th>विद्यालयकोनाम</th><th>कक्षा</th><th>बिल (पुस्तक खरिद सेट)</th><th>भरपाई</th><th>बढी निकासा</th><th>निकासा दर</th><th>बढीनिकासा</th></tr>
<tr><td rowspan="8">१</td><td rowspan="8">अचाने मावि</td><td>१</td><td>१०</td><td>५</td><td>५</td><td>५२०.८</td><td>२६०४</td></tr>
<tr><td>२</td><td>७</td><td>३</td><td>४</td><td>५५६.८</td><td>२२२७</td></tr>
<tr><td>३</td><td>८</td><td>२</td><td>६</td><td>५८०.८</td><td>३४८५</td></tr>
<tr><td>४</td><td>५</td><td>२</td><td>३</td><td>५९६.२</td><td>१७८९</td></tr>
<tr><td>५</td><td>८</td><td>०</td><td>८</td><td>६३४</td><td>५०६९</td></tr>
<tr><td>६</td><td>११</td><td>५</td><td>६</td><td>७०७.३</td><td>४२४४</td></tr>
<tr><td>७</td><td>१२</td><td>९</td><td>३</td><td>७४८</td><td>२२४४</td></tr>
<tr><td>१०</td><td>३७</td><td>२९</td><td>८</td><td>९२४</td><td>७३९२</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>२९०५३</td></tr>
</table>

</td><td>२९,०५३</td></tr>
<tr><td>४</td><td>

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा कर विजक सम्वन्धी व्यवस्था गरेको छ। निम्नअनुसारको भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर सक्कल कर विजक संलग्न नगरी फोटोकपी विलको आधारमा भुक्तानी गरेको देखिएकोले निम्नअनुसारको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखियो।

<table>
<tr><th>भौचर</th><th>मिति</th><th>फर्मको नाम पान नं</th><th>बिजक नं</th><th>मुअकर वाहेक</th><th>मुअ कर</th></tr>
<tr><td>२६५</td><td>२०८२।३।९</td><td>keyway engineering pvt.ltd. (609673106)</td><td>५-२०८२।३।५</td><td>४३४५००</td><td>५६४८५</td></tr>
<tr><td>१८२</td><td>२०८२।१।२६</td><td>साईन्टिफिक ईक्यूपमेन्ट ट्रेडर्स प्रालि(६१०२१८९०१)</td><td>४०-२०८१।१२।६</td><td>२९२०००</td><td>३७९६०</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>९४४४५</td></tr>
</table>

</td><td>९४,४४५</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>५</td><td>निष्क्रिय खाताको रकम फिर्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं.६७ मिति २०८१।६।६ अनुसार २०७८ श्रावण १ गते भन्दा पहिले सामाजिक सुरक्षा भत्ताकालागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पुर्ण विवरण माग गरी निष्क्रिय खाताको रकम फिर्तागर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्त भन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। हालसम्म लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता ४ बैँक मार्फत भुक्तानी गर्दै आएको छ। प्राप्त विवरण अनुसार देहायका बैंकमा रहेको निष्क्रिय खाताको रकम व्याजसहित संघीय कोषमा फिर्ता हुनु पर्दछ ।

<table>
<tr><th>क्र.सं.</th><th>बैंकको नाम</th><th>निस्क्रिय संख्या</th><th>निस्क्रिय रु.</th></tr>
<tr><td>१</td><td>मुक्तिनाथ विकास बैंक लि</td><td>२५</td><td>७९४८९।७५</td></tr>
<tr><td>२</td><td>नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि</td><td>९</td><td>८२५६७२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>९०५१६१।</td></tr>
</table></td><td>९,०५,१६१.७५</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ , त्रिपुरासुन्दरी गाउँपालिका , धादिङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Netramani Neupane	२०८०-९-१	२०८१-०८-१२
कार्यालय प्रमुख	राजु अधिकारी	२०८१-०८-१३	
लेखा प्रमुख	भुमिराज श्रेष्ठ	२०८०-८-७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,६४३,६५३.२	६,६८५,७८७.४	९,०२५,३५४.४७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१९,३५४,७९५.०७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	९,०६३,५५६.१५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१,६४६,८३९.७५
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,९३८,०७८.६७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३२३४५०१.६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४५७५९४८६.५७	चालु खर्च	३५२१२२७१६.३
प्रदेश सरकारबाट अनुदान	३८०२००६१	पूँजीगत खर्च	१४४६७५८८५.४
राजश्व बाँडफाँट	१००१७९८४०	वित्तीय/अन्य व्यवस्था	१८०९९०१६३.५३
आन्तरिक आय	१४२१०८८८.४५		
अन्य आय	१७९००८८३६.०६		
कुल आय	६७७१७९११२.०८	कुल खर्च	६७७७८८७६५.२३
बाँकी मौज्दात		२२६२४८४८.४५	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार	
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)
	राजस्व अनुदान र अन्य प्राप्ति						
११०००	कर		९७७४७३६६.४९	०	९७७४७३६६.४९	९२०६९८४८.५६	०
१३०००	अनुदान		३८३७७९५४७.७	०	३८३७७९५४७.७	३८१५५५२९६.१४	०
१४०००	अन्य राजस्व		१४५०२३७३.४४	०	१४५०२३७३.४४	७३१३९३७.४३	०
१५०००	विविध प्राप्ति		२१६४३३१.	०	२१६४३३१.	०	०
क	कुल जम्मा प्राप्ति		४९८१९३६१८.६३		४९८१९३६१८.६३	४८०९३९०८२.१३	
३	चालु		३५२१२२७१६.२६	०	३५२१२२७१६.२६	३४६८४१७९०.४७	०
२१०००	पारिश्रमिक / सुविधा		५१७५०६१५.९६	०	५१७५०६१५.९६	२३०८०८६९१.२८	०
२२०००	मालसामान तथा सेवाको उपयोग		१९१९०२९८१.३	०	१९१९०२९८१.३	१०५२६२४६३.१९	०
२५०००	सहायता (Subsidy)		९८३६४८०२.	०	९८३६४८०२.	९८६१७६६.	०
२७०००	सामाजिक सुरक्षा		५१८८५९७.	०	५१८८५९७.	०	०
२८०००	अन्य खर्च		४९१५७२०.	०	४९१५७२०.	९०८८७०.	०
४	पूंजीगत		१४४६७५८८५.३७	०	१४४६७५८८५.३७	१५३३५९६७८.	०
३१११०	भवन तथा संरचना		७३७५७५०.	०	७३७५७५०.	३०२७४५२२.	०
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		४३८८३८८.	०	४३८८३८८.	४२५६४०८.	०
३११३०	अन्य पूँजीगत खर्च		२२३०९९७.	०	२२३०९९७.	१४९०००.	०
३११५०	सार्वजनिक निर्माण		१३०६८०७५०.३७	०	१३०६८०७५०.३७	११८३८२३९५.	०
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	२९७३५३.	०
ख)	कुल जम्मा भुक्तानी		४९६७९८६०१.६३		४९६७९८६०१.६३	५००२०१४६८.४७	
ग)	बचत /कमी (ग = क-ख)		१३९५०१७.		१३९५०१७.	-१९२६२३८६.३४	

घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		-१८८३२८६.३५		-१८८३२८६.३५	-३३८१८६०.६९	
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					-११९७९९.४	
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		-४८८२६९.३५		-४८८२६९.३५	-२२६४४२४७.०३	
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२३११४७०२.११		२३११४७०२.११	४५७५८९४९.१४	
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२२६२६४३२.७६		२२६२६४३२.७६	२३११४७०२.११	
लेखाप्रमूख			कार्यकारी अधिकृत			महालेखापरीक्षकको कार्यालय	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।